# कार्यपालिका वैठकका प्रस्तावहरु (२०७८/११/०९गते)

प्रस्ताव नं. १ : गत वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : बजेट रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ३ : वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : पञ्चवर्षिय योजना निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ५ : भौटेचौर पाताल गुफा तथा एकिकृत पर्यटकीय पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ६ : नव प्रवर्तनकारी कोषका लागि नगरबाट बेहोर्नुपर्ने साझेदारी रकम सम्बन्धमा ।

प्रस्ताव नं. ७ : जिल्ला स्थित खेलकुदको लागि खेलाडी छनौट गर्न समिति निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : कृषि तथ्याङ्क तथा किसान सूचिकरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० : कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : योजना संशोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ : बालमैत्री गीत सम्बन्धमा ।

प्रस्ताव नं. १३ : बालश्रम अन्त्यका लागि प्राप्त भएको नीतिगत सुझाव पत्र सम्बन्धमा ।

प्रस्ताव नं. १४ : खानेपानी व्यवस्थापनको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : मेलम्ची तथा ईन्द्रावती नदीको जोखिमयुक्त नदीजन्य पदार्थ उत्खनन् गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १६ : आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ : लागत साझेदारी कार्यक्रम अन्तर्गत बजेट विनयोजन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १८ : पालिकास्तरीय साझेदारी कार्यक्रमको लागि श्रोत सूनिश्चतता सम्बन्धमा ।

प्रस्ताव नं. १९ : विशेष नगरसभा संचालन गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

मिति २०७८ साल माघ २१ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरुको आजको यस वैठकमा समीक्षा गरियो ।

<u>निर्णय नं. २</u>

मेलम्ची नगरपालिकाको पूँजीगत साझेदारी कोषमा हाल मौज्दात रहेको रकम मध्ये पूँजीगत सेवा तथा परामर्श शिर्षकमा रु. ७०,००,०००।– (अक्षरुपी सत्तरी लाख रुपैयाँ मात्र) बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

मेलम्ची नगरपालिका क्षेत्रको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट ढुङ्गा, गिटी लगायतका नदीजन्य पदार्थहरु बृहत मात्रामा थुप्रिन गएको र ढुङ्गा गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि समेत नदीजन्य पदार्थको परिमाण एकिन गर्नुपर्ने भएको हुँदा नगरपालिका क्षेत्रको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी वातावरणीय प्रभाव मूल्याङ्कन (Environment Impact Assessment) गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

मेलम्ची नगरपालिकाको दीगो विकासका लागि नगरले आगमी पाँच वर्षमा निर्माण गर्ने योजनाहरुको पूर्ण खाका ( योजना बैंक) सहितको पञ्चवर्षिय योजना निर्माणको लागि परामर्श तथा सेवा खरिद शिर्षकबाट खर्च हुने गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

मेलम्ची नगरपालिका वडा नं. १ स्थित भोटेचौर पाताल गुफा तथा एकिकृत पर्यटकीय पूर्वाधार विकास कार्यक्रम संचालनको लागि काठमाडौं महानगरपालिकाबाट सैद्धान्तिक सहमति सहितको पत्र प्राप्त भएको हुँदा लागत साझेदारीको रुपमा उक्त योजना निर्माणको लागि काठमाडौं महानगरपालिकाबाट रु. १ करोड ५० लाख र मेलम्ची नगरपालिकाबाट रु. १ करोड गरी जम्मा रु. २ करोड ५० लाख रुपैयाँ बजेटमा खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै, उक्त योजना निर्माणका लागि चालु आ.व. मा विनियोजन भएको रकम रु. १ करोड रु. १ करोडमा थप ५० लाख पर्यटन कोषबाट खर्च गर्ने र बाँकी रकम रु. १ करोड आगामी वर्षको पर्यटन कोषबाट नै खर्च गर्ने गरी श्रोत व्यवस्थापन हुने गरी बहुवर्षिय योजनाको रुपमा बोलपत्र प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

बागमती प्रदेश मुख्य मन्त्रीको कार्यालयबाट प्रस्ताव माग भई आएको नवप्रवर्तनकारी कोष अन्तर्गत यस मेलम्ची नगरपालिकामा मेलम्ची बाढी प्रभावित कृषकहरुको जीवनस्तर सुधार आयोजना पेश गर्ने र उक्त आयोजनाको प्रस्तावित कूल लागत रु. २१४०००००।– (अक्षरुपी दुई करोड चौध लाख रुपैयाँ मात्र) मध्ये मेलम्ची नगरपालिकाले बेहोर्ने रकम रु. ६८५००००।– (अक्षरुपी अठसठी लाख पचास हजार रुपैयाँ मात्र) आगामी नगर सभाबाट श्रोत व्यवस्थापन हुने गरी नवप्रवर्तनकारी कोष मार्फत आव्हान गरिएको सूचना बमोजिमको कार्यक्रम प्रस्ताव पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ :

जिल्ला खेलकुद विकास समितिबाट आयोजना गरिने भलिबल, क्रिकेट, ब्याडमिन्टन, फुटबल लगायतका खेलकुद कार्यक्रममा सहभागी हुने खेलाडी छनौट गरी सिफारिस गरिदिनका लागि यस कार्यालयमा पत्राचार गरिएको हुँदा उक्त खेलमा सहभागी हुने खेलाडी छनौट गरी यस नगरपालिकामा सिफारिस गर्नका देहाय बमोजिमको समिति निर्माण गर्ने र उक्त खेलको लागि सक्षम र योग्य खेलाडीहरु एक हप्ता भित्र छनौट गरी सिफारिस गर्न निर्देशन गर्ने निर्णय गरियो।

तपसिल

१. वडा अध्यक्ष श्री ज्ञानेन्द्र श्रेष्ठ – संयोजक
२. वडा अध्यक्ष श्री सुदर्शन लुईटेल – सदस्य
३. वडा अध्यक्ष श्री रुद्र प्रसाद दुलाल – सदस्य
४. वडा अध्यक्ष श्री राम बहादुर लामा – सदस्य
५. वडा अध्यक्ष श्री कमल बहादुर खड्का – सदस्य
६. वडा अध्यक्ष श्री दमैमारलामा तामाङ – सदस्य
७. वडा अध्यक्ष श्री जितराज थापा – सदस्य

निर्णय नं. ८

मेलम्ची नगरपालिका वडा नं. १० स्थित रामपुर दनुवार गाउँ पुछारटोल सडकको नयाँ ट्रयाक निर्माण गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ९

संघीय सशर्त कार्यक्रममा विनियोजन भएको बजेटबाट खर्च हुने गरी मेलम्ची नगरपालिका भित्रका कृषि तथा पशु क्षेत्रको तथ्याङ्क संकलन र किसान सूचिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

राष्ट्रिय आदिवासी जनजाती महिला महासंघबाट यस नगरपालिका क्षेत्र भित्र कार्यक्रम संचालनका लागि स्वीकृति माग भएको हुँदा मेलम्ची नगरपालिकाको प्रत्यक्ष समन्वयमा रही कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम संचालनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका वडाहरुबाट योजना संशोधनका लागि माग भएको हुँदा माग भए बमोजिम देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | हालको भएको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | अधिकारी खड्काटोल पहिरो नियन्त्रण , मेनपा ९ (लागत साझेदारी ७०/३०) | नगरपालिका बाट रु. ५६००००।– र उपभोक्ता समितबाट रु. २४००००।– गरी जम्मा रु. ८०००००।– | अधिकारी खड्काटोल पहिरो नियन्त्रण तथा शाखा सडक निर्माण , मेनपा ९ | नगरपालिका बाट रु. ५६००००।– र उपभोक्ता समितबाट रु. २४००००।– गरी जम्मा रु. ८०००००।– |
| २ | सडक मर्मत तथा विपद् पहिरो नियन्त्रण, मेनपा ९ (वडाबाट विनयोजन भएको ) | २७००००।– | खड्काथोक वाल निर्माण , मेनपा ९ | २७००००।– |
| ३ | मझुवा पहिरो नियन्त्रण, मेनपा ७ | १५००००।– | अर्चले खेत पहिरो नियन्त्रण, मेनपा ९ | १५००००।– |
| ४ | सेल्ले जुंडी मोटरबाटो सरसफाई, मेनपा ७ | १५००००।– | गैराथोक नेवार टोल सेल्ले मोटर बाटो स्तरोन्नती, मेनपा ७ | १५००००।– |
| ५ | स्वास्थ्य कोभिड १८ र अन्य महामारी नियन्त्रण, मेनपा ६ | २०००००।– | छोर्तेन माने निर्माण तथा रङ रोगन, मेनपा ६ | २०००००।– |
| ६ | देउराली आयुर्वेद मोटरबाटो निर्माण, मेनपा ४ | २०००००।– | सिन्धुखोला बासुकी खेत सिंचाई मर्मत, मेनपा ४ | २०००००।– |
| ७ | सामुदायिक भवन निर्माण साविक वडा नं. २ मुसुरे मेनाप | २०००००।– | अमले नयाँ बस्ती खानेपानी निर्माण तथा | १०००००।– |

| | | | | |
|---|---|---|---|---|
| | ४ | | मर्मत | |
| | | | चिप्लिङ चियानघाट निर्माण तथा मर्मत | १०००००।– |
| ८ | निगाले पात्ले सामुदायिक भवन निर्माण, मेनपा ४ | २०००००।– | डिही सडक निर्माण तथा मर्मत | २०००००।– |
| ९ | उर्लेनी चिहानघार निर्माण, मेनपा ४ | २०००००।– | उर्लेनी चिहानघाट मोटरबाटो निर्माण तथा घडेरी खार्ने, मेनपा ४ | २०००००।– |

निर्णय नं. १२

मेलम्ची नगरपालिकाले तयार पारेको प्रस्तावित बालमैत्री गितको अडियो रेकर्ड आजको यस वैठकमा प्राप्त भई प्रस्तुत गरियो।

निर्णय नं. १३

महिला आत्म निर्भरता केन्द्र, मेलम्चीबाट बालश्रम अन्त्यका लागि नगरपालिकालाई पेश गरिएको नीतिगत सुझाव पत्र आजको यस वैठकमा प्राप्त भई छलफल गरियो । उक्त सुझाव पत्र बमोजिम बालश्रम अन्त्यका लागि नगरपालिका तथा सबै वडाले पूर्ण प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं. १४

मेलम्ची नगरपालिका वडा नं. १२ स्थित निर्माणाधिन बाँसवारी स्वास्थ्य चौकीको भवन परिसरमा पहिरो गई भवन जोखिमयुक्त अवस्थामा रहेको तथा उक्त भवनमा खानेपानीको समेत अभाव रहेको हुँदा पहिरो रोकथाम तथा खानेपानी व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरिदिनको लागि सघन सहरी विकास तथा भवन निर्माण आयोजना , रामेछाप मन्थलीलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १५

मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको भिषण बाढीबाट मेलम्ची नगरपालिका क्षेत्रको ईन्द्रावती तथा मेलम्ची नदीमा ढुङ्गा, गिटी लगायतका जोखिमयुक्त नदीजन्य पदार्थहरु थुप्रिन गई नदी तटीय क्षेत्रमा संभावित बाढी पहिरोबाट उच्च जोखिम हुन सक्ने भएकोले उक्त नदी क्षेत्रमा थुप्रिएको नदीजन्य पदार्थ उत्खनन् गरी नदीको बहाबलाई बाढीको जोखिम अध्ययन गर्नको लागि गठित उच्च स्तरीय अध्ययन समितिले पेश गरेको प्रतिवेदन बमोजिम बाढीबाट प्रभावित र सम्बन्धित वडाका उपभोक्ताहरु रहने गरी उपभोक्ता समित मार्फत मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषबाट खर्च हुने गरी देहाय

बमोजिमका क्लष्टरहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् गरी हटाउन देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | ईन्द्रावती तथा मेलम्ची नदी भित्रको क्लष्टरको विवरण | विनियोजन बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | ईन्द्रावती नदीको डुंडेखोला देखि मेलम्ची दोभानसम्को क्षेत्र, मेनपा १० र ११ | ५०,००,०००।– | |
| २ | मेलम्ची नदी तर्फको मेलम्ची दोभान देखि फट्टे पुलसम्मको क्षेत्र , मेनपा ११ | ५०,००,०००।– | |
| ३ | मेलम्ची नदीको फट्टे पुल देखि नुहार खोलासम्मको क्षेत्र , मेनपा ११ | ५०,००,०००।– | |
| ४ | मेलम्ची नदीको नुहार खोला देखि कर्कले खोल्सा सम्मको क्षेत्र, मेनपा ६ | ५०,००,०००।– | |
| ५ | मेलम्ची नदी तर्फ कर्कले खोल्सा देखि तालामाराङसम्को क्षेत्र | ५०,००,०००।– | |
| | जम्मा | २,५०,००,०००।– | |

निर्णय नं. १६

मेलम्ची नगरपालिका वडा नं. १ बाट आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ४० लाख ७० हजार मध्ये सामाजिक परिचालक (दैनिक ज्यालादारी) पारिश्रमिक बापत रु. २०७१२८।– (अक्षरुपी दुई लाख सात हजार एक सय अठ्ठाइस रुपैयाँ मात्र ) कट्टी गरी बाँकी हुन आउने रु. ३८६२८७२।– लाई ७० प्रतिशत मानि समुदायको योगदान ३० प्रतिशतले हुन आउँने रु. १६५५५१७।– थप गरी जम्मा रु. ५५१८३८९।– मा देहाय बमोजिमका योजनाहरु निर्माण गर्न सिफारिस भई आएको हुँदा उक्त योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

(क) आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम (चाँपको बोट केन्द्र)

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | कालीदेवी सामुदायिक भवन | ६९५८४५।७३ | |
| २ | चिसापानी मानेडाँडा सिंढी बाटो | ६२६५६४।६९ | |
| ३ | चाँपको बोट ठूलो पाटा बाटो | ३०२४६८।३७ | |
| ४ | ढिकुरे पाटी ४ वटा | २४६५३३।०८ | |
| **जम्मा** | | **१८७१४११।८७** | |

(ख) आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम (भोटेचौर केन्द्र)

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | भोटेचौर रोक्काटोल सिढी बाटो | ६११४०१।९२ | |
| २ | खाल्डे ठूलो ढुङ्गा टोल सिंढी बाटो | ४८५९९८।९६ | |
| ३ | भोटेचौर टोल सिंढी बाटो | ३५९८७५।२९ | |
| ४ | जर्केश्वरी टोल सिंढी बाटो | ५२३३६८।५१ | |
| **जम्मा** | | **१९८०६४४।६८** | |

(ग) आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम (अन्य)

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | मौसम टोल सिंढी बाटो | ५३०६६५।४७ | |
| २ | भूमेस्थान पर्खाल | ४४४५२९।५२ | |
| ३ | पाटी गाउँ टोल सिंढी बाटो | २५९७०४।५७ | |
| ४ | ढिकुरे पाटी ७ वटा | ४३१४३२।८९ | |
| **जम्मा** | | **१६६६३३२।४५** | |

निर्णय नं. १७

मेलम्ची नगरपालिकाको लागत साझेदारी (६०/४०) कार्यक्रमबाट खर्च बेहोर्ने गरी देहाय बमोजिमका योजनाहरुमा देहाय बमोजिम बजेट विनयियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | शिव मन्दिर (स्वामीको बोट) मेनपा १ | ४०००००।– (नगरपालिकाबाट बेहोर्ने ६०%) | |
| २ | बाँचबाटा सिंचाई, | ३०००००।– (नगरपालिकाबाट बेहोर्ने ६०%) | |
| ३ | काफ्लेखोला गैरीगाउँ सिंचाई, मेनपा ९ | २०००००।– (नगरपालिकाबाट बेहोर्ने ६०%) | |
| ४ | बिर्ता डाँडा बस्ती स्तरीय सडक | ४०००००।– (नगरपालिकाबाट बेहोर्ने ६०%) | |

निर्णय नं. १८

मेलम्ची नगरपालिका वडा नं. ४ मा पालिकास्तरीय साझेदारी कार्यक्रम मार्फत नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका र मेलम्ची नगरपालिकाको संयुक्त लागत साझेदारीमा बन्न लागेको सामुदायिक भवन निर्माणको लागि यस नगरपालिकाको विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. ५०००००।– बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै, उक्त योजना कार्यान्वयनको लागि शिवपुरी गाउँपालिका, मेलम्ची

नगरपालिका र स्थानीय समुदायको संयुक्त वैठक बसी कार्यान्वयन ढाँचा तयार गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

मेलम्ची नगरपालिकाको विशेष नगर सभा मिति २०७८ साल फागुन २७ गते शुक्रवार विहान ८:०० बजे गर्ने निर्णय गरियो ।